महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## रास्कोट नगरपालिका, कालिकोट

## ८०६६५४०३३००

## कालिकोट



https://nams.oag.gov.np

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
## कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
## काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-७-२

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,

रास्कोट नगरपालिका, कालिकोट ,

कालिकोट

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस नगरपलिकाको आर्थिक वर्ष २०८१।८२ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।५।१२ मा छलफल पश्चात् तयार गरिएको पाना संख्या २७ प्रारम्भिक प्रतिवेदन यसैसाथ संलग्न छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समय भित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

संगिता फुयाल

निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय,सिंहदरवार, info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, कालिकोट, kalikot.dtco@fcgo.gov.np

श्री प्रदेश लेखा इकाई कार्यालय, कालिकोट, kalikot.pfuo65@gmail.com

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ५९.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा १७४२५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।४ देखि २०८२।५।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा यातायात भत्ता बढी भुक्तानी भौचर नम्बर ८७९५५३२४ वाट रु १०५४० र आय दाखिला नगरेको भौचर नम्बर ८७९५५५०७ वाट रु ४६५० गरी जम्मा रु १५१९० असुल भएको छ ।

**(च) लेखापरीक्षणको सीमा :-** यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८२, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका हुन्छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग मिति २०८२।५।३ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२ **एकिकृत वित्तीय विवरण**

कार्यालयले पेश गरेको एकिकृत विवरण

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | | **चालु खर्च** | **303483659.48** | **303483659.48** |
| १.संचित कोष | **४८७२३५८.५१** | **४८७२३५८.५१** | १. पालिका तर्फ | १३८८१८१३५.४८ | |
| २.धरौटी | **१२४५१९६८** | **१२४५१९६८** | २. संघीय सशर्त | १६२६७०५५३ | |
| ३.कार्यसञ्चालन कोष | | | ३. संघीय विशेष | ० | |
| ४. अन्य कोष | | | ४. प्रदेश सशर्त | १९९४९७१ | |
| **यस वर्षको आय** | | | ५. प्रदेश विशेष | **0** | |
| **१.आन्तरिक आय** | **१३३२१५५०.** | **१३३२१५५०.** | **पुँजीगत खर्च** | **११३१३७५१९** | **११३७०२०४७** |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | | १. पालिका तर्फ | ४९०८३६६४ | |
| क) समानीकरण अनुदान | **९०४७५३६०** | **९०४७५३६०** | २. संघीय सशर्त | २५४५००२९ | |
| ख) राजस्व बाँडफाँट | **६७८६२७५४.** | **६७८६२७५४.** | ३. संघीय विशेष | 0 | |
| ग) सशर्त अनुदान | **२०१७४००००** | **२०१७४००००** | ४. संघीय समपुरक | १२४२६४६८ | |
| घ) समपुरक अनुदान | **१२४२६४६८** | **१२४२६४६८** | ५. प्रदेश सशर्त | २१२६२३५८ | |
| ङ) विशेष अनुदान | **0** | **0** | ६. प्रदेश विशेष | ४८७९००० | |
| च) रोयल्टी | **0** | **0** | ७. प्रदेश समपुरक | | |
| छ) अन्य | **0** | **0** | **अन्तर सरकारी अख्तियारी (संघ)** | **144761380.12** | **144761380.12** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | | क) सामाजिक सुरक्षा | ९२८६९९५०.१२ | |
| क) समानीकरण अनुदान | **११३७२०००** | **११३७२०००** | ख) स्थानिय पुर्वाधार विशेष साझेदारी lisp | १६६२६७५७ | |
| ख) राजस्व बाँडफाँट | **५१३२६४** | **५१३२६४** | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३७०००११४४ | २९१०१४१ | |
| ग) सशर्त अनुदान | **२७८८८०००** | **२७८८८०००** | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३७०००११४३ | ८५१०५९२ | |
| घ) समपुरक अनुदान | | | ङ) विद्यालय शिक्षा क्षेत्र योजना | १३८६००० | |
| ङ) विशेष अनुदान | **४८७९०००** | **४८७९०००** | च) एकिकृत स्वास्थ्य पुर्वाधार | २२४५७९४० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विकाश कार्यक्रम | | |
| च) रोयल्टी | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | १३०६६३० | 1306630.00 |
| छ) अन्य | | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | ७७६८३२८ | ७७६८३२८ |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | | **अन्य कोषबाट भएको खर्च** | 0 | 0 |
| क) सामाजिक सुरक्षा | ९२८६९९५०.१२ | ९२८६९९५०.१२ | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | 0 | 0 |
| ख) स्थानिय पुर्वाधार विशेष साझेदारी lisp | १६६२६७५७ | १६६२६७५७ | **अन्य सहयोगमा सञ्चालित योजना UNICEF** | ० | 0 |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३७०००११४४ | २९१०१४१ | २९१०१४१ | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | २८३२००० | २८३२००० |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३७०००११४३ | ८५१०५९२ | ८५१०५९२ | **ऋण फिर्ता(साँवा)** | ० | ० |
| ङ) विद्यालय शिक्षा क्षेत्र योजना | १३८६००० | १३८६००० | **ऋणको ब्याज भुक्तानी** | ० | ० |
| च) एकिकृत स्वास्थ्य पुर्वाधार विकाश कार्यक्रम | २२४५७९४० | २२४५७९४० | | | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | २८३२००० | २८३२००० | **अनुदान फिर्ता** | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | १. संघ तर्फ | ० | ० |
| **७. धरौटी आय** | २२९३१६३ | 2293163 | क) सशर्त अनुदान | १३६१९४१८ | १३६१९४१८ |
| **८. कार्यसञ्चालन कोष आय** | ८२५५८०१ | ८२५५८०१ | ख) विशेष अनुदान | 0 | 0 |
| **९. अन्य कोषको आय** | | | ग) समपुरक अनुदान | 0 | 0 |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | २४९६६४३ | २४९६६४३ | २. प्रदेश तर्फ | 0 | 0 |
| **११. अन्य सहयोगमा प्रास सञ्चालित योजना** | | | क) सशर्त अनुदान | ४६३०६७१ | ४६३०६७१ |
| **१२. अन्य आय भएमा** | | | ख) विशेष अनुदान | 0 | ० |
| | | | ग) समपुरक अनुदान | 0 | ० |
| | | | **अन्तिम मौज्दात** | 16337576.00 | १६३३७५७६ |
| | | | १. संचित कोषको मौज्दात | २४११६०२. | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २. धरौटी | **१३४३८५०१** | |
| | | | ३. कार्यसञ्चालनकोष | ४८७४७३. | |
| | | | ४. अन्यकोष | **0** | |
| **जम्मा** | | ६०८४४१७१० | **जम्मा** | | ६०८४४१७१० |
| | | | | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७८।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९२८६९९५०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ११४२०७३३, स्थानिय पूर्वाधार विशेष साझेदारी कार्यक्रमको रु १६६२६७५७, विद्यालय शिक्षा क्षेत्र योजनाको रु १३८६०००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु २२४५७९४० र कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयवाट प्राप्त रु २८३२००० समेत जम्मा रु १४७५९३३८० सुत्रमा लेखाङ्कन भएको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **हिसाब फरकः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षण क्रममा पालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग भएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१२४७०२०३९, यस वर्षको भुक्तानी रु. १२१३१६५७७ र वर्षान्तको मौज्दातमा रु ३०१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ती | यसवर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १७३२४३२६ | ४१३२९२५८० | ४१७१८५७०६ | १४९०५२०६ |
| एकीकृत आर्थिक विवरणअनुसार | १७३२४३२६ | ५९१११७३८४ | ५९२१०४१३४ | १६३३७५७६ |
| फरक | ० | १७७८२४८०४ | १७४९१८४२८ | १४३२३७० |

सैद्धान्तिक बेरुजु

३.३

**गत वर्षको जिम्मेवारी** - स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको म ले प फारम २७० परिक्षण गर्दा गत वर्ष सञ्चित कोष समेत मौज्दात रु १,७७,८४,४०७. रहेकोमा यस वर्ष संचित कोष समेत रु १,७३,२४,३२६. जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको मौज्दात भन्दा रु ४,६०,०८१. घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४,६०,०८१ |
|---|---|

३.४ **बैङ्क हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले वार्षिक रुपमा मात्र हिसाब मिलान गरेको देखिन्छ । कार्यालयले पेश गरेको विवरण अनुसार देहाय अनुसारको बैङ मौज्दात देहाय अनुसारको रहेको छ । मासिक रुपमा प्रत्येक खाताको बैङ्क हिसाब मिलान गर्ने तर्फ ध्यान जानुपर्दछ ।

| खाताको नाम | स्रेस्ता अनुसार बाँकी | वैंक स्टेटमेन्ट अनुसार बांकी | फरक रकम |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १०,०१,६३२. | २४,२४,६१७. | १४,२२,९८५. |
| वाडफाडवाट प्राप्त राजस्व खाता | ० | ४८,१२१. | ४८,१२१. |
| आन्तरिक राजस्व खाता | ० | ९,४६,०००. | ९,४६,०००. |
| प्रकोप व्यवस्थापन कोष | ० | ७,६५,३४१. | ७,६५,३४१. |
| कार्यसंचालन कोष | ४,८७,४७३. | २२,९८,२०१. | १८,१०,७२८. |
| धरौटी खाता | १,३४,३८,५०१. | १,३६,४०,१५८. | २,०१,६५७. |
| जम्मा | १,४९,२१,६०६. | २,०१,२२,४३८. | ५१,९४,८३२. |

| सैद्धान्तिक बेरुजु |
|---|

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री मनिराज बरालले मिति २०८१।३।७ गते रु. ४५ करोड ८७ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **सेवा प्रवाह**

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नगरपालीकाले नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक गरि अभिलेख गरिनु पर्दछ । नगरपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | निवेदन | शिफारिस |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३०७ | ३०७ |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | १७२ | १७२ |
| ३ | घरबाटो सिफारिस | ४५ | ४५ |
| ४ | नाता प्रमाणित | ९३ | ९३ |
| ५ | जन्म मृत्यु | १०३६ | १०३६ |
| ६ | अन्य | १५०० | १५०० |

पालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबैको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । सवारी साधनको प्रयोग गर्दा लगवुग प्रयोग भएको छैन ।सवारी मर्मत तथा इन्धनको निश्चित मापदण्ड वनाइ वितरण भएको छैन ।
- नगरपालिकाले उद्बेश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई सीमित गरेको अवस्था छ
- नगरपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन
- नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन
- नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- नगरपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले यस वर्ष सम्म २४ ऐन ३ नियमावली ४५ कार्यविधि र ६ निर्देशिका सहित ८० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको फछ्र्यौट गर्न बाँकी ७ वटा, यो बर्ष घरेलु हिंसा, लेनदेन लगायत ३२ विवाद समेत ३९ वटा विवाद दर्ता भएकोमा वर्षान्त सम्म २९ वटा फछ्र्यौट भइ १० वटा विवाद फछ्र्यौट गर्न बाँकी देखिएको छ ।

सैद्धान्तिक बेरुजु

९ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बजेट निर्धारण गर्दा बढी प्रतिफल दिने तथा प्राथमिकतामा परेको शिक्षा स्वास्थ्य तथा भौतिक पूर्वाधारको क्षेत्रमा विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । तर पालिकाले सिमित स्रोत साधानलाई देहायको वितरणमुखी प्रकृतिको कार्यमा विनियोजन गरी खर्च गरेको छ । यस्ता कार्यमा नियन्त्रण गरी प्रतिफलदायी क्षेत्रमा विनियोजन हुनुपर्दछ ।

| सि.नं | क्रियाकलापमुखी खर्चि | भुक्तानी भएको रकम |
|---|---|---|
| १ | मेयर हेल्थ कार्यक्रम | ७,००,०००. |
| २ | खेलकुद सामाग्री खरिद तथा ढुवानि | ४,९२,३३६. |
| ३ | मेयर कप संचालन | ५,००,०००. |
| ४ | विभिन्न आमन्त्रीत खेलमा सहभागी कार्यक्रम | ४,९९,८४०. |
| ५ | मेयर हेल्थ कार्यक्रम | १,३४,०००. |
| ६ | तरकारी विउवितरण कार्यक्रम | ४,००,०००. |
| ७ | जिल्लास्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १५,००,०००. |
| ८ | स्थानिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता विधालयलाई अनुदान | ४,९९,६३०. |

सैद्धान्तिक बेरुजु

१० **पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा सार्वजनिक निकायले वार्षिक स्विकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न मासिक अनुमानित खर्च, खरिद योजना तथा नगद प्रवाह सहित कार्ययोजना बनाउनुपर्ने हुन्छ । तर पालिकाले उक्त

व्यवस्था बमोजिम बजेट कार्यान्वयन कार्ययोजना नबनाइ गत विगत जसरी नै वर्षान्तमा अधिकतम पुँजीगत खर्च गरेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुंजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कूल पुंजीगत खर्च रु. १२ करोड ५० लाख ७ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ६५ लाख २३ हजार खर्च भएको दोश्रो त्रैमासिकमा रु. १ करोड ४० लाख ९८ हजार , तेस्रो त्रैमासिकमा रु. २ करोड ४० लाख ५६ हजार र चौथो त्रैमासिकमा रु. ६ करोड २४ लाख ६ हजार र असार महिनामा मात्रै रु. ५ करोड ४८ लाख ५० हजार खर्च भएको देखिन्छ । आर्थिक बर्षको अन्त्यमा हुने विकास निर्माणले कामको गुणस्तर र दिगोपनामा असर पर्ने हुनाले नगरपालिकाले समयमै विकास निर्माण कार्य गर्न ध्यान दिनुपर्दछ ।

| क्र.सं | वजेट शिर्षक उपशिर्षक | कूल खर्च | चौमासिक | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | चौथो चौमासिक | आषाढ महिना |
| १ | पुजिगत खर्च | १२५०७९००० | १६५२३१२७ | १४०९८४२४ | २४०५६५८७ | ६२४०६८६४ | ५४८५०३६९ |

सैद्धान्तिक बेरुजु

११ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले मर्मत संभार कोष रु.३९,३४,६०८. रहेको छ । यस कोषवाट खर्च गर्ने सम्बन्धमा कुनै कार्यविधि तर्जुमा गरेको छैन । नगरपालीकाले यस कोषवाट रु.३७,३४,६०८. खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट यस्ता खर्चहरु गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास) लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि१ गरी योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त पि१ योजनामा लगानी गरी आवधिक योजनासँग सामजस्यता गर्नुपर्दछ । नगरपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स-साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । नगरपालिकाले आ.ब. २०८१।८२ मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । यसरी आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी स-साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | रु.२० लाख माथिका योजना संख्या | रु.५ लाख देखि २० लाखसम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | LISP + नगर बाट संचालित सम्पूर्ण योजना हरु + प्रधान मन्त्री, मुख्य मन्त्री का सम्पूर्ण योजना हरु | ५७ वटा | १५ वटा | २० वटा | २२ वटा |

सैद्धान्तिक बेरुजु

१३ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **गत वर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम तोकिएका खर्च शीर्षकहरुमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी राख्नु पर्ने व्यवस्था छ । उक्त खर्च पालिकाको आन्तरिक श्रोतबाट व्यहोरिने भए आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकीको विवरण तयार गरी नगरसभाबाट बजेट स्वीकृत गराई खर्च लेख्नु पर्दछ । यो वर्ष पालिकाले, विभिन्न व्यक्ति तथा फर्मको भुक्तानी हुन बाँकी चालू प्रकृतिको दायित्वहरु रु.१,१८,७१,३५८. भुक्तानी गरेको छ । प्रशासनिक तथा चालु प्रकृतीका खर्चहरु आर्थिक वर्षको बजेटको सिमाभित्र रही खर्च नगर्ने परिपाटीले आगामी सालको बजेटमा चाप पर्ने र दिर्घकालीन लाभ दिने एवं प्रतिफल दिने पूंजी निर्माण हुने दिगो प्रकृतिका विकासका कार्य सञ्चालनमा स्रोत कम हुन गई अपेक्षित लाभ समुदायले प्राप्त गर्ने स्थिति नरहने हुँदा नगरपालिकाले यसमा विशेष ध्यान दिनु पर्दछ ।

| सि.नं | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | गत आ.व.को शसर्त अनुदान फिर्ता गर्न बांकी | ४१,२७,७९१. |
| २ | प्रशासनिक भवनको भुक्तानी दिन बांकी | २७,४३,५८९. |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदार योजनाहरुको भुक्तानी दिन बांकी | ४९,९९,९७८. |
| | जम्माः | १,१८,७१,३५८. |

सैद्धान्तिक बेरुजु

१५ **जिन्सी तथा सम्पत्तिको संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयलाई प्राप्त मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी सामान खातामा आम्दानी बाधी लगत अद्यावधिक गर्नुपर्ने व्यबस्था छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसामान तथा सामग्रीहरुलाई एक महिनाभित्र लिलाम प्रकृया सुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाई समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका सामाग्रीहरु जस्तै मोबाईल ल्यापटप लगायतका सामान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । उल्लेखित सामानहरुलाई नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन ।

सैद्धान्तिक बेरुजु

१६ **कर दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा धरौटी कट्टी र राजस्व कट्टि तथा दाखिला सम्बन्धि व्यवस्था छ । जस अनुसार कानुन बमोजिम कट्टी गरेको धरौटी तथा अग्रिम कर वापतको रकम सम्बन्धित कोषमा दाखिला गर्नुपर्ने हुन्छ । तर पालिकाले विभिन्न मितिमा कट्टी गरेको धरौटी वापतको रकम रु.२,१९,५१९. अग्रिम कर वापतको रकम रु.२,०३,७८१ र मु अ कर वापतको रकम रु.६८,८७४ समेत जम्मा रु.४,९२,१७४. सम्बन्धित खातामा दाखिला नगरेको हुदा सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९२,१७४ |

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१८ **शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट मावि शिक्षक १२ जना, निमावि शिक्षक १६ जना, प्रावि शिक्षक ११ जना समेत जम्मा ३९ जनाको रु.७२४०८३१६ समानिकरण अनुदान तथा राजस्व बाडफाड स्रोतवाट तलब भत्ता भुक्तानी गरेकोले छ । विद्यालय दरबन्दी मिलान गरी शसर्त अनुदानवाट प्राप्त रकमवाट शिक्षक तलब भत्ता भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **कार्ययोजना**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ६० जना पदपूर्ती भएको देखिन्छ ।पालिकामा अधिकृत स्तर का २५ जना महत्वपुर्ण पद रिक्त रहेको पाईयो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष विभिन्न ११२ जना कर्मचारी करारमा राखी रु १,०७,९०,९८४. खर्च गरेको छ । नगर प्रहरी तर्फ १४ जनाको रु.३४,७०,७५०. खर्च गरेको छ । स्विकृत दरबन्दी भित्र नपरेको कानुनी सल्लाहकार १ जना, मनोपरामर्शदाता १ जना, फोटोपत्रकार १ जना र खेलकुद प्रशिक्षक १ जना गरी जम्मा ४ पदमा पालिकाले करार नियुक्ति गरी यस वर्ष रु ९९३००० खर्च गरेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत दरबन्दी बेगर करार नियुक्ति गरेको कार्य अनियमित बेरुजु औंल्याइएकोमा यस वर्ष समेत सुधार भएको छैन । यसरी कानुनी विपरित कर्मचारी नियुक्ति गरेको कार्य नियमसम्मत नदेखिएको हुदा आवश्यक पर्ने पद समेत समावेश गरी O and M सर्वेक्षण गरी दरबन्दी स्विकृत गरेर मात्र कर्मचारी नियुक्ति गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,९३,००० |

२२ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाको कर्मचारी कल्याणकोषमा कुनै रकम जम्मा गरेको छैन । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **सवारी कर, मनोरञ्जन कर,व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर पालिकाले आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ । यस वर्ष पालिकाले सवारी कर मनोरञ्जन कर व्यवसाय कर संकलन गरेको छैन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनुपर्ने तथा पालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **खर्च विश्लेषण**

पालिकाले यस बर्ष कुल आन्तिरक आय रु १,३३,२१,५५०. राजस्व बाँडफाँड समेत रु ६३,७६,०१८. र समानिकरण अनुदानबाट रु. १०,१८,४७,३६० प्राप्त भएको छ । नगरपालिकाको कुल खर्च रु. १८,८५,०२,३२७. मध्ये चालु तर्फ रु. १३,८८,१८,१३५. र पूँजिगत तर्फ रु. ४,९६,८४,१९२. खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ८०,६९०००. खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको रकमवाट ७३ प्रतिशत चालु र २७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **सामुदायिक वनको आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष सो बापत कुनै आय प्राप्त गरेको देखिएन। पालिका भित्रका वन उपभोक्ता समितिबाट उक्त राजस्व प्राप्तिको लागि डिभिजन वन कार्यालय तथा सम्बन्धित उपभोक्ता समितिसँग समन्वय गरी वन पैदावारको विक्री वापतको रकम असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। अन्तरसरकारी अख्तियारीतर्फको यो बर्षको रु १४,७५,९३,३८०. को सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरेको पाइएन । आन्तरिक लेखापरीक्षणको कार्य सम्पादन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ९६,९७,००० | ९१,४३,७९२ | १ |
| सामाजिक क्षेत्र | २६,६२,७४,७९१ | २४,५३,५१,२०९ | ५८ |
| पूर्वाधार विकास क्षेत्र | ६,७८,००,००० | ५,८०,११ ।७१० | १४ |
| वित्तीय व्यवस्थापन र सुशासन | १,४६,९८,००० | १,४०,१८,९८४ | ३ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १०,१८,०९,५७७ | ९,०६,६९,०११ ।४८ | २४ |
| जम्मा | ४६,०२,३९,३६८ | ४१,७१,८५,७०६ ।४८ | १०० |

क्षेत्रगत बजेट खर्च परिक्षण गर्दा पूर्वाधार विकास क्षेत्रमा १४ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । पूर्वाधार विकास क्षेत्रमा खर्च दक्षता र पूर्वतयारी प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२८ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च बापत रु. २३,४०,०००. खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नभई कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त नभएको,भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमण खर्च लेखेको, कतिपय भ्रमण कार्यालयसँग असम्बन्धीत ठाउँ गएको जनाई सो बापतको खर्च लेखेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **आर्थिक कारोबारको लेखांकन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धीत गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

### ३० **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

### ३१ **बिमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाख भन्दा बढीको निर्माण कार्यको बिमा गराउनुपर्ने कुरा उल्लेख छ । पालिकाले १५ सैया अस्पताल निर्माणको लागी धुलिखेल निर्माण सेवा प्रा लि सगं रु १५,७१,०४,७२३. मा सम्झौता भएको छ । उक्त निर्माण कार्यको बिमा प्रयोजनको लागि पालिकाले पि एस आइटममा बिमाको लागि रु ६,००,०००. राखी सो रकम सम्बन्धित निर्माण व्यवसायीलाइ भुक्तानी गरि सकेको देखिन्छ । तर निर्माण व्यवसायीले समयमा निर्माण कार्य सम्पन्न नगरेको हुदा हाल सम्म उक्त कार्य सुचारु रहेको छ । निर्माण व्यवसायीले पेश गरेको बिमाको म्याद मिति २०८० मंसिर ३० मा नै समाप्त भएको र थप बिमा नल्याएको हुदा उक्त कार्यको लागी बिमा अवधि थप गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु

| प्रमाण पेश नगरेको | ६,००,००० |
|---|---|

### ३२ **पुँजीगत खर्च विधि**

कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायीवाट | कूल खर्च मध्ये उपभोक्ता समितिवाट भएको काम |
|---|---|---|---|
| 1 | ८,२७,५६,९५९ | १,४५,३०,८४६ | ६,८२,२६,११३ |

कुल खर्च मध्ये ८२ प्रतिशत उपभोक्ता समितिबाट खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

### ३३ **पेश्की जोखिममा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की सम्बन्धि कार्यविधि उल्लेख छ । जस अनुसार सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम पेश्की उपलब्ध गराउंदा पेश्की फछ्र्यौट गराउने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको बैकं जमानत लिनुपर्ने हुन्छ । पालिकाले देहायको योजनाहरुमा उपलब्ध गराएको पेश्कीहरुको बैकं जमानत संलग्न नरहेको, म्याद समाप्त भएको तथा सम्झौता अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि समाप्त हुदा समेत पेश्की फछ्र्यौट नभएको हुदा पेश्की रकम जोखिममा परेकोले सम्बन्धित पदाधिकारीलाइ जिम्मेवार बनाइ उक्त पेश्की रकम सम्बन्धित व्यवसायीवाट ब्याज सहित असुल गर्नुपर्ने देखिएको रु

| योजना | निर्माण व्यवसायी | पेश्की रकम बांकी | वैंक जमानत म्याद | कैफियत |
|---|---|---|---|---|
| वडा नं ४,७,८ को भवन निर्माण भौचर नं. ७,३९।०८१।११।११ | के टि एस निर्माण सेवा | २०,००,००० | २०८१।४।१७ | |
| वडा नं १ , २ र ३ को भवन निर्माण भौचर नं.२७।०८२।३।२५ | के टि एस निर्माण सेवा | ९,००,००० | २०८१।३।१७ | |
| पदमारा तामाकोट देखि फुकोट सडक | सूर्या निर्माण सेवा | ७,८०,००० | २०८२।३।२९ | काम शुरु नै नगरेको |
| | जम्मा | ३६,८०,००० | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,८०,००० |

३४ **पेश्की असुल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फछर्योट सम्बन्धि कार्यविधि रहेको छ । जस्मा सम्झौता अनुसार उपलब्ध गराएको मोबिलाइजेसन पेश्की सम्झौता अनुसार फछर्योट गरिसक्नुपर्ने उल्लेख छ । पालिकाले १५ सैया अस्पताल निर्माणको लागि धुलिखेल निर्माण सेवा प्रा लि सगं रु.१५,७१,०४,७२३ मा सम्झौता गरेको छ । निर्माण व्यवसायीलाइ उपलब्ध गराएको पेश्की मध्ये वर्षान्त सम्म रु.४५,००,००० पेश्की बाँकी देखिन्छ । निर्माण सम्पन्न गर्नुपर्ने म्याद, पेश्की फछर्योट गर्नुपर्ने म्याद (सम्झौताको ८०% समयावधि) तथा निर्माण व्यवसायीले पेश गरेको बैकं ग्यारेन्टी समेत समाप्त भएको देखिन्छ । सोही नियम अनुसार सार्वजनिक निकायले उपलब्ध गराएको पेश्की निर्माण व्यवसायीको कारणवाट फछर्योट हुन नसकेमा नियमानुसार जरिवाना समेत लिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले काम ढिला गरेको कारण पेश्की फछर्योट समयमा हुन नसकेको तथा बैकं ग्यारेन्टी समेत समाप्त भएकोले उक्त पेश्की रकम निर्माण व्यवसायीवाट ब्याज सहित असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,००,००० |

३५ **कार्यसम्पादन**

५।०८१।९।२१, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीले कार्य नगरेको हकमा निजले राखेको कार्यसम्पादन जमानत जफत गर्नुपर्ने उल्लेख छ । पालिकावाट ल्याब व्यवस्थापनको लागी श्री जनजागृति मा विलाइ निकासा भएको रु.२५,००,०००. मा विभिन्न मालसामान खरिद गर्नको लागी ठेक्का आह्वान गरेकोमा अल्फा ब्रदर्श संग रु.१६७३८७८ मा सम्झौता भएको देखिन्छ । तर उक्त फर्मले काम नगरे पछि विद्यालयले ठेक्का सम्झौता रद्द गरी अर्को ठेक्का आह्वान गरेपनि निजले राखेको रु ८३,७००. बराबरको कार्यसम्पादन जमानत जफत नगरी उक्त कार्यसम्पादन जमानतको म्याद (२०८१।१।३) गुजारेको हुदा सम्बन्धित पदाधिकारीलाइ जिम्मेवार बनाइ उक्त रकम असुल गर्नुपर्ने र सम्बन्धित व्यवसायीलाइ कालो सूचीमा राख्न सिफारिस गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,७०० |

३६ **सडक स्तरोन्नति**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीले कार्यसम्पादन नगरेको आवश्यक कारवाही गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम १२० मा ठेक्का म्याद थप सम्बन्धि व्यवस्था छ । पालिकाले पदमारा तामाकोट देखि फुकोट सडक स्तरोन्नति गर्न सूर्या निर्माण सेवा संग रु ४३,७३,७३२ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले ठेक्का म्याद २०८२।३।२० सम्म कुनै काम गरेको देखिदैन । तोकिएको कार्यसम्पादन निर्धारित समयावधि भित्र नभएको अवस्थामा समेत पालिकाले आवश्यक कारबाही सहित म्याद थप गरी बाँकी कार्य समेत सोही निर्माण व्यवसायीवाट समेत गराएको नदेखिएकोले म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा सोही दफा अनुसार सम्झौता अन्त्य गरी निजले राखेको कार्यसम्पादन जमानत वापतको रु २१७५००० सम्बन्धित बैकंवाट जफत गरी राजस्वमा आम्दानी बाँध्नुपर्ने र निर्माण व्यवसायीलाइ कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,७५,००० |

## ३७ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष ५७ वटा उपभोक्ता समिति मार्फत काम गराई रु.६,८२,२६,११३. भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणमा प्राविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नमा नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनै पनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भरपाई सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ ।

तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३८ लागत सहभागिता

स्थानीय सरकार संचालन ऐन, २०७४ मा नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको गैर सरकारी संस्था संग साझेदारीमा कार्यक्रम गर्न सक्ने उल्लेख गरेको छ । सोहि अनुसार पालिकाले देहायको संघ संस्था संग साझेदारीमा देहायको काम सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार निर्माण कार्यको कुल लागतमा नगरपालिका, उपभोक्ता समिति तथा गैर सरकारी संस्थाले व्यहोर्ने लागत

सहभागिता उल्लेख भए पनि उक्त कार्य पुरा सम्पन्न नभएको तथा कुल लागत नै घटेको अवस्थामा पालिकाको लागत सहभागिता भने घटेको देखिदैन । गैर सरकारी संस्था तथा उपभोक्ता समितिको लागत र पालिकाको लागत अनुपातमा नगरी बढी व्ययभार परेको देखिएको रु

| भौ.नं मिति | योजनाको नाम | लागत अनुमान | लागेको लागत वा कार्य सम्पन्न | पालिकाले व्यहोर्नुपर्ने | पालिकाले व्यहोरेको | वढी रकम |
|---|---|---|---|---|---|---|
| ७-०८१।६। २१ | कैलाशमुललेखगाउँखानेपानी | ९५,२०,८९४ | ८३,९४,९२२ | १८,०४,९०८ (२२%) | २१,३४,०३१ | ३,२९,१२३ |
| ७-०८१।६। २१ | उपरगाउँ दर्जिडाडा खानेपानी | ४८,२०,०७२ | ४०,७३,९९१ | ८,१८,१६६ | ९,५०,५४८ | १,३२,३८२ |
| | जम्मा | | | | | ४,६१,५०५ |

| | |
|---|---|
| अनियमित भएको | ४,६१,५०५ |

३९ **अस्पताल व्यवस्थापन प्रणाली** (१२-2081-06-21):

सार्वजनिक निकायले कुनै पनि सफ्टवेयर संचालन गर्न अघि त्यस्को गुणस्तरीयता तथा सुरक्षा एकिन गरी सुचना प्रविधि मन्त्रालयवाट स्विकृति लिनुपर्ने हुन्छ। पालिकाले मेरो नेटवर्क प्रा लि वाट Hospital management system निर्माण गरी वार्षिक २० % लागतमा AMC समेत रहने गरी खरिद गरेको देखिन्छ । प्रणालीको सुरक्षा तथा गुणस्तरीयता एकिन नभएको र कानुनले तोकेको कार्यविधि विपरित सफ्टवेयर खरिद कार्य अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,८५,००० |

४० **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले २ पाँग्रे तथा चार पाँग्रे सवारी मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी रु १४ लाख ६४ हजार खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **तलबी प्रतिवेदन पारित नगरेको**

निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ८ र शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । तर कार्यालयले तलवी प्रतिवेदन पारित नगरी पालीकातर्फ रु.२,४३,००,०००. स्वास्थ्य सेवातर्फ रु.२,५६,००,०००. र शिक्षालयतर्फ रु.८,६९,५३,६९८. गरी जम्मा रु.१३,६८,५३,६९८. खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड भिडान गर्न सकिएन । सोको कारण कर्मचारीले पाउनुपर्ने रकम समेत यकिन गर्न सकिएन । पालीकाले तलबी प्रतिवेदन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले खाना तथा विविधतर्फ रु ५०,००,०००. खर्च गरेको छ जुन आन्तरिक

आयको तुलनामा ४५ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **अनुदानको अनुगमन**

संघीय सरकारवाट हस्तान्तरित शसर्त कार्यक्रमवाट कृषि पशु लगायत विषयगत क्षेत्रको लागी विभिन्न लक्षित वर्ग तथा समुदायलाई अनुदानको रुपमा रकम भुक्तानी भएको छ । उक्त अनुदान रकम सम्बन्धित समुह तथा लाभग्राहीले उद्धेश्य अनुरुप खर्च गरे/ नगरेको एकिन गर्न अनुगमन मुल्याङ्कन गर्नुपर्ने देखिन्छ । तर नगरपालिकाले देहाय अनुसार विभिन्न समूह तथा लाभग्राहीहरुलाई अनुदान रकम भुक्तानी गरे तापनी अनुगमन गर्न नसकेको हुंदा अनुदानको उद्धेश्य अनुरुप खर्च भए/नभएको एकिन हुन सकिएन । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी वनाउनु पर्दछ ।

| भौ.नं मिति | कार्यक्रम | अनुदान प्राप्त गर्ने | रकम |
|---|---|---|---|
| ७८-३।९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साह अनुदान | मोतीराम मा.वि | ३०,००,०००. |
| ७१-१।२४ | नयां स्याउ ओखर विकाश कार्यक्रम | आदर्श कृषि तथा पशुपंछी फार्म | १,१०,२५०. |

| सैद्धान्तिक बेरुजु |
|---|

४४ **सवारी लगबुक** (३९-९।२३-):

३९-९।२३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५ मा सार्वजनिक निकायले महालेखापरीक्षकवाट स्विकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । सवारी साधन प्रयोग गर्दा इन्धन तथा मर्मत सम्बन्धि खर्चको लेखा राख्दा तोकिएको ढाँचामा सवारी लगबुक राख्नुपर्ने हुन्छ । तर पालिकाले रोजगार आयोजनाहरुको अनुगमन निरीक्षण शिर्षकवाट रोजगार संयोजक प्रशान्त राज शाहीलाइ विलको आधारमा मात्र मोटरसाइकल मर्मत भनी रु.१७९५० मर्मत आदेश स्वीकृत नगराइ र मर्मतको इष्टिमेट वेगर मोटरसाइकल मर्मत खर्च लेखेको छ । साथै इन्धन खर्च भनी विल अनुसार रु.६१८९० खर्च लेखेको छ । उक्त इन्धन खर्चलाइ पुष्टि गर्न अनुगमन निरीक्षणमा कुन कुन अवधिमा कहाँ कहाँ गएको अवधि खुल्दैन, प्रतिवेदन जारी गरिएको देखिएन र सवारी लगवुक समेत नराखेको कारण लगबुक पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ७९,८४० |
|---|---|

४५ **सम्वन्धित पार्टिलाई भुक्तानी नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा सार्वजनिक निकायले गर्ने सबै प्रकारको भुक्तानी सम्बन्धितको बैकं खाता मार्फत गर्नुपर्ने उल्लेख छ । सरकारी कार्यालयहरुले कुनै पनि सामान वा सेवा खरिद गरेपछी सोको भुक्तानी सम्बन्धित पार्टिकै नाउंमा भुक्तानी हुनुपर्दछ । नगरपालिकाले निम्नानुसारको भुक्तानी सम्बन्धित फर्मको नाममा भुक्तानी नगरी व्यक्तिको नाउंमा भुक्तानि भएको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु निम्नानुसार छन् ।

| गो भौ न र मिति | सप्लायर्स को नाम | भुक्तानि पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ५६-२०८१।८।१८ | सेन्चुरी कम्प्युटर सप्लायर्स स्वास्थ्य शाखा रास्कोट क्यानन प्रिन्टर १ थान | निल सुनार | ३४,५३०. |
| ८१-२०८१।८।२२ | रास्कोट फार्मेसी ग्रामीण अल्ट्रासाउण्डका सामान | विमला कुमारी सन्ज्याल | ४१,८००. |
| ८२-२०८१।८।२२ | रास्कोट फार्मेसी<br>अस्पतालका आवश्यक सामान | नमराज न्यौपाने | ५०,०००. |

| सैद्धान्तिक बेरुजु |
|---|

४६ **स्थानीय भत्ता**

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।३।२९ को निर्णयानसार मिति २०७१।४।१ बाट लागु हुने गरी अर्थ मन्त्रालयले नयाँ तलबमान तथा सुविधा सम्बन्धमा चलानी नं ५ बाट मिति २०७१।४।२ मा गरेको परिपत्रको बुँदा नं २(क) मा राशन सुविधा पाईरहेका निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीवल एवं त्यस्तै सुविधा पाएका र कार्यरत जिल्ला भित्र स्थायी बसोबास भएका निजामती सेवाका कर्मचारीहरुले (क) र (ख) वर्गमा तोकिएको रकमको ५० प्रतिशत का दरले मात्र स्थानीय भत्ता पाउने व्यहोरा उल्लेख छ । पालिकाले यस वर्ष रु. ४०१०६०० स्थानीय भत्ता भुक्तानी गरेकोमा जिल्ला भित्र स्थायी बसोबास भएको वा नभएको एकिन नगरी सबै कर्मचारी तथा शिक्षकहरुलाई तोकिएको १०० प्रतिशत रकम नै भुक्तानी गरेको छ । त्यसैले स्थानीय भत्ता भुक्तानी गर्नुपूर्व कर्मचारी/ शिक्षकको स्थायी बसोबासको ठेगाना एकिन गरी तोकिए बमोजिमको दरमा मात्र रकम भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तर**

पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ । सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वियन गर्ने र सोहि अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **खर्च शिर्षक** (७५-२०८२।२।१५-):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायले बजेट खर्च गर्दा तोकिएको शिर्षकमा तोकिएको काममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले संघीय शसर्त चालु कृयाकलाप नं. २.७.१३.२३ (स्यानटरी प्याड खरिद) शिर्षकवाट कार्यालयको लागी मसलन्द मालसामानहरु खरिद गरी बियन इन्टरप्राइजेजलाइ रु.२,०५०००. भुक्तानी गरेको कार्य अनियमिन देखिएको रु

| अनियमित भएको | २,०५,००० |
|---|---|

४९ **शसर्त शिर्षकवाट गत आ.व.को भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्ने अधिकारीले विनियोजित बजेट शिर्षक उद्धेश्य तथा खर्च सिमा भित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तै उद्धेश्य तथा प्रयोजन फरक पार्ने गरी खर्च गर्न नसकिने व्यवस्था छ । साथै बजेट खर्च मापदण्ड अनुसार संघिय शसर्त अनुदान तोकिएको कार्यमा तोकिएको कार्यविधि अनुसार खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले संघिय शसर्त तर्फ शिक्षा र स्वास्थ्यको देहायको भुक्तानीहरु गत वर्षको भुक्तानी बाँकी भनी खर्च लेखेको छ । संघिय शसर्त अनुदानमा गत वर्षको भुक्तानी बाँकी तर्फ रकम विनियोजन नभएकोले यस आर्थिक वर्षको विनियोजनवाट खर्च लेखेको अनियमित देखिएको रु

| भौ.नं मिति | विवरण | खर्च लेखेको रकम |
|---|---|---|
| १४-६।२० | सि.अ.न.मि कल्पना के.सी | २,२५,५२२. |
| ४५-९।२८ | साक्षर नगरपालिका घोषणा कार्यक्रम | ३,३१,७००. |
| ९९-३।३१ | पोषण मैत्री सुशासन प्रवर्द्धन कार्यक्रम | १,९९,९७८. |
| | | ७,५७,२००. |

| अनियमित भएको | ७,५७,२०० |
|---|---|

५० **प्रमाण**

४३-२०८१।९।२८ वाट विद्यालय शैक्षिक गु णस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत रु.२,७९,०३८. खर्च लेखेको छ । उक्त १८ प्रकारका कितावका सेट २८ वटा विद्यालयको नाममा भरपाइ गरी बुझाएको देखिन्छ ।

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ मा विद्यालयले पुस्तक वितरणको जानकारी यस केन्द्रलाइ अविलम्व उपलव्ध गराउनु पर्ने उल्लेख छ । वितरित पुस्तकको प्रयोगको अवस्था स्थानीय तह तथा इकाइले नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ । विद्यालयमा उपलव्ध गराइएको पुस्तक विवरण र प्रयोगको अवस्था EMIS मा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्ने उल्लेख भएको छ । तर नगरपालिकाले पुस्तक पठाएको मात्र देखियो । आगामी दिनमा यस्ता कार्यक्रम/अनुदान दिंदा कार्यविधिले तोके वमोजिमको प्रक्रिया पुरा गरी वितरण गर्ने तर्फ नगरपालिकाको अविलम्व ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१ **शिक्षक दरवन्दी र पदपुर्ति**

नगरपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ

| सि.नं | विद्यालय संख्या | जम्मा शिक्षक दरवन्दी | जम्मा पदपूर्ती | विद्यार्थी जम्मा |
|---|---|---|---|---|
| १ | २० | १२७ | १२७ | ६५६७ |

स्थानीय सरकार संचालन ऐनको दफा ११ मा पालिका भित्रको विद्यालय शिक्षा व्यवस्थापनको कार्य पालिकाको अधिकारक्षेत्र भित्र रहेको देखिन्छ । विद्यालय शिक्षालाइ गुणस्तरीय बनाउन विद्यार्थी तथा शिक्षक अनुपात समेत विश्लेषण गरी आवश्यक दरबन्दी मिलान गर्नुपर्दछ । उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ती एवं विद्यार्थी संख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ५१ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी कुनैमा बढी भएको तथा कुनैमा कम देखिएकोले गाउँपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५२ **खरिद आवश्यकता** (७५ र १०६-2082-02-18):

निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसार विधालयको मागको आधारमा स्थानीय तहले यकिन गरी विधालयलाई सेनेटरी प्याड उपलव्ध गराउने व्यवस्था छ । गत विगतको सेनिटरी प्याडको वितरणको अवस्था र मौज्दात एकिन गरी यसवर्ष विनियोजित रकमवाट सेनिटरी प्याड खरिद गर्नुपर्दछ । गत वर्ष विवरण हेर्दा पालिकाले करिब ४०,०००. प्याड र डिस्पोसेबल मेशिन १९ थान र भेन्डिङ मेशिन १९ थान खरिद गरी रु.२१,६५,३८७. खर्च गरेको छ । उक्त खरिद गरिएको मेशिनहरु प्रयोगको अवस्था एकिन गरिएको छैन । उक्त सेनेटरी प्याड २०८१ साल असार महिनामा खरिद गरेको छ । पालिकाले उक्त मालसामान सम्बन्धित विद्यालयमा मौज्दात रहे नरहेको तथा आवश्यकता पहिचान नगरी यस वर्ष पुन बिएन इन्टरप्राइजेजवाट २५,०००. प्याकेट र डाफे बहुउद्यमी केन्द्रवाट २४,०००. प्याकेट प्याड सोझै विधिवाट खरिद गरी रु.१८,८०,९१८. खर्च गरेको छ । खरिद आवश्यकताको पहिचान गरी वास्तविक रुपमा आवश्यक परिमाण मात्र खरिद गर्नुपर्नेमा विनियोजित बजेट बराबरको खरिद गरेको अनियमित देखिएको रु

| अनियमित भएको | १८,८०,९१८ |
|---|---|

५३ **कार्यसम्पन्न** (९ र ११-2082-01-14):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को कृयाकलाप २.३.८ अनुसार नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप विद्यालयको भौतिक पूर्वधार निर्माण कार्यको लागि प्रत्येक विद्यालयलाइ वार्षिक रु.१ करोड निकासा हुने उल्लेख छ । उक्त रकम भौतिक पूर्वाधार जस्तै भवन निर्माण आदिमा खर्च गर्नु पर्दछ । पालिकाले संघिय शसर्त अनुदानवाट यस पालिकाको बडिमालिका मा वि लाई भौतिक पूर्वाधारको लागि प्रस्तावना अनुसार यस वर्ष रु १,००,००,००० . निकासा गरेको छ । लेखापरीक्षण अवधि सम्म उक्त निर्माण कार्य सम्पन्न भएको पुष्टि गर्ने कार्यसम्पन्न पेश हुन आएको देखिएन । नमुना विद्यालयको गुरुयोजना अनुसार भौतिक पूर्वधार निर्माण सम्पन्न भएको पुष्टि गर्ने कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | १,००,००,००० |
|---|---|

५४ **डकर्मि तालिम**

१२१-२०८२।३।२४ वाट कार्यस्थलमा आधारित शिप क्षमता विकास तालिम र जीवन उपयोगी शिप तालिम अन्तर्गत डकर्मि तालिममा रु.९,५०,८९५. खर्च गरेको छ । उक्त तालिम इलाइट इन्फाइस्ट्रक्चर एण्ड डेभलपमेन्ट कन्सल्टेन्सी प्रा.लि.संग सम्झौता गरी २८ जनालाइ ५० दिने तालिम सञ्चालन गरेको देखिन्छ । उक्त तालिम पश्चात सहभागी लाभग्राहीहरुले सिकेको शिप अनुसारको कार्यहरु गरे नगरेको सम्बन्धमा नगरपालिकाले अनुगमन गरेको देखिंदैन । यसरी तालिम दिने अनुगमन नगर्ने, तालिममा सिकेको सिकाइले उद्वेश्य अनुरुप लाभग्राहीले जिवनस्तरमा ल्याए नल्याएको सम्बन्धमा निरन्तर अनुगमन गरी प्रतिवेदन जारी गर्नु पर्नेमा नगरपालिकाले खर्च मात्र गर्ने तर खर्च अनुरुप उद्वेश्य पूरा भए नभएको सम्बन्धमा अनुगमन नगर्ने कार्यमा नियन्त्रण गरी आगामी दिनमा यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा अनिवार्य अनुगमन गरी प्रतिवेदन जारी गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **घर बिमा**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा गाउपालिका तथा नगरपालिकाको काम कर्तव्य अधिकारको व्यवस्था गरेको छ । जस अनुसार विकास निर्माण, सामाजिक सेवा तथा अन्य विविध कार्य गाउ तथा नगरपालिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रमा रहेका ३२०० सय घरधुरी मध्ये २२०० घरहरुको प्रतिघर रु.४४३.७५ मा भुकम्प चट्याङ्ग विष्फोटन आदि जोखिमवाट २०८१।१०।९ देखि २०८२।१०।८ सम्मको क्षति भरणीका लागि शिखर इन्स्योरेन्सवाट विमा गराउन कुल खर्च रु.९७६२५० गरेको छ । नगरपालिकाले आफ्नो आन्तरिक आयमा ख्याल गरी काम कर्तव्य अधिकारको मात्र कार्य प्रभावकारी रुपमा गर्ने तर्फ ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **छात्रवृत्ति**

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको एकिकृत छात्रवृत्ति वितरण तथा व्यावस्थापन कार्यविधि, २०८१ अनुसार कर्णाली प्रदेशका वासिन्दाहरुलाई उच्च शिक्षा अध्ययन अन्तर्गत चिकित्साशास्त्र इन्जिनियरिङ लगायतका विषयमा व्याचलर तहमा अध्ययन गर्ने छात्रछात्राहरुलाई आ.व २०७७।७८ देखि लागू हुने गरी वार्षिक ४ लाख नगद दिने व्यवस्था गरेको छ । यस पालीकाले शिक्षक तथा विध्यार्थि प्रोत्साहन शिर्षकवाट वडा नं ८ को सिफारिसमा युनिभर्सल कलेज अफ मेडिकल साइन्स पढदै गरेका रास्कोट नगरपालिका ८ का जनकराज वराललाई नै रु. ५,००,०००। प्रदान गरेको छ । निजले सो रकम सामाजिक विकास मन्त्रालयवाट पनि पाए नपाएको एकिन गरि अध्ययनमा निरन्तरता रहे नरहेको र रकम सम्बन्धित कार्यमा नै खर्च गरेको आधार प्रमाण पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **कार्यक्षेत्र**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा गाउपालिका तथा नगरपालिकाको काम कर्तव्य अधिकारको व्यवस्था गरेको छ । जस अनुसार विकास निर्माण, सामाजिक सेवा तथा अन्य विविध कार्य गाउ तथा नगरपालिकाले गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले गो.भौ.न १८।२०८१।६।२० मा खाध्य व्यवस्था तथा व्यापार कम्पनि लिमिटेडवाट चामल रु.७,५०,०००. मा खरिद गरि नागरिकलाई सुपथ मूल्यमा विक्रि वितरण गरेको भनिएको छ । सोहि वरावरको रकम रु.७,३७,२००. नगरपालीकाको राजस्व खाता नं १३७०४०१००००००९ मा नवराज उपाध्यायवाट दाखिला भएको छ । ऐन अनुसार सरकारले खरिद विक्रि गर्ने कुनै काम कर्तव्य भएको नदेखिदा यस्तो कार्य नियमसम्मत देखिदैन ।

सैद्धान्तिक बेरुजु

५८ **आयोजना बैकं**

राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा सँम्भाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी

कार्यान्वियनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवं सँभाव्यता अध्ययन गर्ने लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणा कार्यान्वियन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **निर्माण कार्यको अवधि थप**

सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भई ठेक्काको काममा ढिलाई भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ ।पालिकाले ठेक्का विवरण तयार नगरेको कारण म्याद गुज्रेको ठेक्काको विवरण विश्लेषण गर्न सकिएन । निर्माण कार्यको अवधि एकिन खुल्ने गरी तोकिएको ढाँचामा विवरण अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **कार्यसम्पादन अद्यावधिक**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर पालिकाले कार्यसम्पादन जमानतको अवधि खुल्ने गरी समयमा कार्य सम्पन्न हुन नसकेका विगत तथा यस बर्षको ठेक्काको विवरण अद्यावधिक गरेको देखिएन। सबै ठेक्का विवरण अद्यावधिक गरी कार्यसम्पादन जमानत मान्य अवधि थप गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **सामाजिक सुरक्षा तर्फ**

यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न राष्ट्रिय वाणिज्य वैंक र ग्लोवल आइ.एम.इ वैंक मार्फत लाभग्राहीलाई रु ९,२८,६९,९५०. निकाशा दिएकोमा उक्त भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसारछन् ।

६१.१ **लाभग्राहीको संख्याः** नगरपालिकाले आर्थिक वर्ष २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वापत वडा नं.१ देखि ९ सम्मका लागि निम्नानुसारको संख्यामा लाभग्राहीको खातामा EFT निकासा गरेको कार्यालयवाट प्राप्त विवरणवाट देखिन्छ । नगरपालिकाले यो वर्ष ९ वटै वडामा भत्ता वितरण गर्न राष्ट्रिय वाणिज्य वैंक र ग्लोवल आइ.एम.इ वैंक मार्फत रु ९,२८,६९,९५०. निकासा गरेको छ । गत वर्ष देखि EFT मार्फत सिधै लाभग्राहीको खातामा रकम जम्मा हुने गरेकोले अन्तीम त्रैमासिकमा निकासा सम्बन्धमा कार्यालयले वैंकसंग समन्वय गरी तथ्याङ्क यकिन गरी बांकी रकम फिर्ता गर्नुपर्दछ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेख देहाय अनुसार छ ।

| वडा नं. | त्रैमासिक | अन्य जेष्ठ नागरिक भत्ता | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | जेष्ठ नागरिक क्षेत्र तोकिएका | विधवा (आर्थिक सहायता) | क बर्ग (अपाङ्गता भत्ता) | ख बर्ग (अपाङ्गता भत्ता) | तोकिएका वालवालिका | दलित वालवालिका |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रथम | १०९ | ८ | २ | ९३ | २६ | ८ | २० | २३१ | ७७ |
| | दोस्रो | १०७ | ८ | २ | ९६ | २६ | ८ | २० | २२९ | ८३ |
| | तेस्रो | १०३ | ९ | २ | ९८ | २५ | ८ | २२ | २१७ | ८७ |
| | चौथो | १०३ | ९ | २ | १०१ | २७ | ८ | २३ | २१२ | ८८ |
| २ | प्रथम | १०४ | ६ | ० | ५९ | २० | २ | १७ | १८५ | ६० |
| | दोस्रो | १०३ | ६ | ० | ६१ | २१ | २ | १७ | १८४ | ७१ |
| | तेस्रो | १०२ | ७ | ० | ६२ | २२ | २ | १७ | १७८ | ६९ |
| | चौथो | १०२ | ७ | ० | ६५ | २२ | २ | १७ | १७६ | ७९ |
| ३ | प्रथम | ६९ | २४ | ३ | ४० | १७ | २ | १० | ९२ | ११८ |
| | दोस्रो | ७० | २४ | ३ | ४१ | १७ | २ | १० | ८८ | १२३ |
| | तेस्रो | ६८ | २६ | ३ | ४१ | १७ | २ | १० | ८५ | १२१ |
| | चौथो | ६६ | २७ | ३ | ४१ | १९ | २ | १० | ८२ | ११८ |
| ४ | प्रथम | ९५ | ३३ | ५ | २९ | २६ | १ | ३ | ९५ | ७३ |
| | दोस्रो | ९५ | ३३ | ५ | ३२ | २६ | १ | ३ | ९७ | ७४ |
| | तेस्रो | ९५ | ३४ | ५ | ३२ | २७ | १ | ३ | ९७ | ८३ |
| | चौथो | ९५ | ३७ | ५ | ३२ | २७ | १ | ३ | ९३ | ९२ |
| ५ | प्रथम | १२६ | १८ | ७ | ६४ | ३० | ७ | ९ | ३१० | ६३ |
| | दोस्रो | १३६ | १९ | ७ | ६५ | ३१ | ७ | ९ | ३०२ | ६७ |
| | तेस्रो | १३६ | १९ | ७ | ६६ | ३१ | ७ | ९ | २९६ | ६६ |
| | चौथो | १३५ | १९ | ७ | ७० | ३१ | ७ | ९ | २९२ | ६३ |
| ६ | प्रथम | १०० | ११ | ४ | ५३ | २१ | २ | १४ | २०२ | ४० |
| | दोस्रो | १०० | ११ | ४ | ५६ | २१ | २ | १४ | २०५ | ४३ |
| | तेस्रो | ९८ | ११ | ४ | ९७ | २३ | २ | १४ | १९५ | ४३ |
| | चौथो | ९७ | ११ | ४ | ६० | २३ | २ | १५ | १८४ | ४७ |
| ७ | प्रथम | ४१ | ३ | २ | ४१ | १० | ४ | ६ | ९७ | २० |
| | दोस्रो | ४१ | ३ | २ | ४२ | १० | ४ | ६ | ९६ | २२ |
| | तेस्रो | ४० | ३ | २ | ४४ | १० | ४ | ६ | ८९ | २३ |
| | चौथो | ३९ | ३ | २ | ४५ | १० | ४ | ६ | ८८ | ३० |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रथम | १४६ | २२ | ३ | १०३ | ३६ | ३ | १४ | ३०६ | ८४ |
| | दोस्रो | १४५ | २२ | ३ | १०६ | ३६ | ३ | १४ | ३०१ | ८७ |
| | तेस्रो | १४३ | २६ | ३ | १०८ | ३६ | ३ | १६ | २९३ | ८८ |
| | चौथो | १४२ | २६ | ३ | ११४ | ३६ | ३ | १६ | २८० | ९५ |
| ९ | प्रथम | ११५ | ९ | ७ | ७८ | २९ | ५ | १७ | २३५ | ३३ |
| | दोस्रो | ११६ | ९ | ७ | ७९ | ३० | ५ | १७ | २४१ | ३४ |
| | तेस्रो | ११५ | ९ | ७ | ८० | ३४ | ५ | १८ | २३६ | ३६ |
| | चौथो | ११६ | ११ | ७ | ८० | ३४ | ५ | १८ | २३१ | ३७ |
| ३६१३ | ५६३ | १३२ | २३७४ | ८८७ | १३९ | ४५२ | ६८२० | २४३७ | | |

| सैद्धान्तिक बेरुजु |
|---|

६१.२ **लगतकट्टाः**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्थाछ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी हेर्दा मृत्यु भै सकेका केही व्यक्तिहरुको खातामा समेत निकासा भएको देखिएको छ । यस सम्बन्धमा कार्यालयले थप छानविन गरी वढी निकाशा भएको रकम फिर्ता लिनु पर्दछ । देहायका व्यक्तिहरुको मृत्यु पश्चात समेत निजहरुको खातामा रकम निकाशा भएको देखिन्छ । कार्यालयको अभिलेख अनुसार मृत्यु भएका लाभग्राहीको लगत अद्यावधिक नगरी निजहरुको खातामा रकम निकाशा गर्न नमिल्ने हुंदा मृत्यु पश्चात निकाशा भएको देहाय अनुसारको रकम फिर्ता लिइ संघिय संचितकोष दाखिला हुनुपर्ने रु.

| वडा | नाम | कार्यालयको अभिलेख अनुसार मृत्यु भएको मिति | नागरिकता नं. | रकम निकासा अवधी | दर (प्रति महिना) | वढी निकासा रकम |
|---|---|---|---|---|---|---|
| २ | औंसे न्यौपाने | २०८१।११।२५ | ३८८।६६७ | श्रा-चैत्र | ४००० | ३३२५. |
| २ | नन्दाराम सिंखडा | २०८१।६।१० | १००१।१५०६ | श्रा-आश्विन | ४००० | २६६०. |
| ३ | पराने सार्की | २०८२।२।२ | ३२०।३६९ | श्रा-आषाढ | ४००० | ७७१४. |
| ३ | हजारी योगी | २०८१।११।२३ | ८४।५ | श्रा-आषाढ | ४००० | १६,९३१. |
| ७ | तन्तु रोकाया | २०८१।५।१९ | ६१३०२०।१६२ | श्रा-आश्विन | ४००० | ५४६३. |
| जम्माः | | | | | | ३६,०९३. |

| असुल गर्नुपर्ने | ३६,०९३ |
|---|---|

६१.३ **केवाइसी अपडेटः** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने

उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निष्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिएन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१.४ **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ वमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा नगरपालिका नगर वा प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो वमोजिम नगरपालिकाले कसैले दोहोरो हुने गरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए/नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको देखिएन । कार्यविधिले तोके वमोजिम अनुगमन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१.५ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ वमोजिम स्थानीयतहले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने वैंङ्क, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी स्थानीय सामाजिक संघ/संस्था तथा गैह्र सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानिय एफ.एम लगायत सञ्चार माध्यमहरुवाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम स्थानीय तहले आफ्नो वेभसाइटमा राख्ने व्यवस्था छ । नगरपालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **राजस्व दाखिला**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(६) वमोजिम राजस्व प्राप्ति तथा दाखिला सम्बन्धि कार्यविधि रहेको छ । छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानून वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा र पालिकाले प्राप्त गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजस्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरि जरिवाना रकम असुल गर्नु पर्ने देखिन्छ । कार्यालयले सम्पूण वडा कार्यालयहरुले प्राप्त गरेको राजस्व रकम नियमावलीको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **रसिद नियन्त्रण खाताः**

पालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता (म.ले.प.फा.न.९०४) तयार गरी राख्नुपर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन । जसवाट पालिकासँग रहेको विगतको बाँकी नगदी रसिद, यसवर्ष छपाइ भएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखालाई उपलब्ध गराएको रसिद के कति संख्यामा रहेका थिए यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

## अनुगमन लेखापरीक्षण

६४ अनुगमन लेखापरीक्षण

यस रास्कोट नगरपालिका, कालिकोट को २०८२ सम्मको फस्र्योट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २१४५१६६५७ | ० | २२७३८९५११ | ० | २४१९०६१६८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रास्कोट नगरपालिका, कालिकोट , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जवन सिहं बम | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | वीर बहादुर रावत | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,२९९,७९३ | ५,२८२,६२३ | १३,८०७,०९५ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | २७,३८९,५११ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १५,१९० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १७३२४३२६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०४६४१८२८ | **चालु खर्च** | ३०३४८३६५९ |
| **प्रदेश सरकारबाट अनुदान** | ४४१३९००० | **पूँजीगत खर्च** | ११३७०२०४७ |
| **राजश्व बाँडफाँट** | ६७८६२७५४ | **वित्तीय/अन्य व्यवस्था** | १७४९१८४२८ |
| **आन्तरिक आय** | १३३२१५५० | | |
| **अन्य आय** | १६११५२२५२ | | |
| **कुल आय** | ५९१११७३८४ | **कुल खर्च** | ५९२१०४१३४ |
| **बाँकी मौज्दात** | | १६३३७५७६ | |

## अनुसूची - २

| **सि. नं.** | **लेखापरीक्षण क्षेत्र** | **लेखापरीक्षण गरिएका विषय** |
|---|---|---|
| १ | आन्तरिक आय | राजस्व तथा आन्तरिक आय |
| २ | पालिका चालुखर्च | तलब भत्ता खर्च र पदाधिकारीको सुविधा विविध खर्च (अतिथि सत्कार लगायत) चालु खर्च (ईन्धन, मर्मत र घरभाडा) तालिम र कार्यक्रम खर्च अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च सेवा र परामर्श खर्च तथा अन्य करार सेवा शुल्क |
| ३ | पालिका पुँजिगत खर्च | खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी सोझै खरिद तथा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य परामर्श सेवा कन्टिन्जेन्सी खर्च |
| ४ | सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता वितरण |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार | रोजगार कार्यक्रम |
| ६ | विविध | विविध |
| ७ | संघीय र प्रदेशतर्फको चालु खर्च | स्वास्थ्यतर्फ शिक्षा तर्फ कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम तालिम र कार्यक्रम खर्च |